गोडैता नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## गोडैता, सर्लाही

## मधेश प्रदेश, नेपाल

## आन्तरिक आय सकंलन (ठेक्का बन्दोबस्त)का लागी शिलबन्दी बोलपत्रको सूचना

### प्रथम पटक प्रकाशित सूचना :२०८१/०९/२५

स्थानीय सरकार सन्चालन ऐन,२०७४ अनुसार गोडैता नगरपालिका,सर्लाहीको क्षेत्राधिकार भित्रपर्ने देहाय बमोजिमको आन्तरिक श्रोत तर्फको कर शुल्क, दस्तुर गोडैता नगरपालिकाबाट स्वकृत दरेरेटमा आ.व.२०८१/०८२ देखी २०८३/०८४ माघ मसान्त सम्मको लागि ठेक्का बन्दोबस्त गर्ने भएकोले इच्छुक फर्म/व्यक्तिहरुवाट आफ्नो फर्म नवीकरण भएको प्रमाणपत्र,मूल्य अभिवृद्धी कर तथा आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाण पत्र प्रमाणित प्रतिलिपी सहितको लिखित निवेदनको साथै तोकिएको दस्तुरमा बोलपत्र फारम यस कार्यालयबाट सूचना प्रकाशन भएको मितिले १५औं दिन भित्र खरिद गरी रिक्त गोप्य शिलबन्दी बोलपत्रहरु सूचना प्रकाशन भएको मितिले १६ औं दिनको १२:०० बजे भित्र दर्ता गराउनु हुन गोडैता नगर कार्यपालिकाको राजस्व परामर्श समितिको मिति २०८१/०९/१६ गतेको निर्णय अनुसार सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| ठे.सि.नं. | ठेक्काको किसिम | न्युनतत्म अंक | अवधि/समय | बोलपत्र फारम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|
| १. | रोहुवा बजार स्थित रहेको पोखरी गोडैता न.पा.०४ | १,२०,०००/- | ३ वर्ष | ५००।- | |
| २. | भो.क.ज.विद्यालय नजिकको पोखरी गोडैता न.पा.११ | २,९०,०००/- | ३ वर्ष | ५००।- | |
| ३. | बनिया कुटी मठ नजिकको पोखरी गोडैता न.पा.७ | ४,७०,०००/- | ३ वर्ष | ५००।- | |
| ४. | सिताइसा पोखरी गोडैता न.पा.१० | २,६०,०००/- | ३ वर्ष | ५००।- | |

**शर्तहरु:**

१. आफुले कबोल गरेको अंकको नेपाली फर्म भए ५% र विदेशी फर्म भए १०% धरौटी यस न.पा.कार्यालयको prabhu Bank Godaita शाखा स्थित स्थानीय धरौटी खाता नं. २६२७०९००८६३००१६८ जम्मा गरी सो को अर्धकट्टी सक्कलै भौचर शिलबन्दी बोलपत्र साथ पेश गर्नुपर्नेछ। साथै शिलबन्दी बोलपत्र दर्ता गराउँदा नागरिकताको प्रमाण पत्र, कर तिरेको प्रमाणपत्र, फर्म दर्ताको प्रमाणपको प्रतिलिपी पेश गर्नुपर्ने छ।

२. बोलपत्रदताले आफुले कबोल गरेको रकमलाई अंक र अक्षरमा स्पष्ट साथ लेख्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिइनेछ।

३. यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म कार्यालय समय भित्र रु.५००/- फिर्ता नहुने गरी बोलपत्र खरिद गरि सक्नु पर्ने छ। खरिद गरिएको बोलपत्र यो सूचना प्रकाशन भएको मितिले १६ औं दिनको १२:०० बजे भित्र दर्ता गराइसक्नु पर्नेछ। यदी सो दिन सार्वजनिक बिदा भएमा कार्यालय खुलेको लगतै दिनको १२:०० बजे भित्रदर्ता गराइसक्नु पर्नेछ र सोहि दिनको २:०० बजे रिक्त पूर्वक दर्ता भएको शिलबन्दी बोलपत्र ठेक्कादार व्यक्तिको प्रतिनिधिहरुको रोहवरमा यस न.पा.को कार्यालयमा शिलबन्दी बोलपत्र खोलिने छन्। तर ठेक्केदार वा प्रतिनिधि उपस्थिति न भए पनि शिलबन्दी बोलपत्र खोल्ने बाधा पर्ने छैन।

४. रिक्त नपुगेका तथा म्याद नाघी आएका शिलबन्दी बोलपत्र उपर कुनै कारवाही हुने छैन।

५. पोखरी ठेक्को हकमा पोखरी संरचना आफु खुसी बिगारेमा वा पोखरीमा विशालु औषधी, करेन्ट इत्यादी प्रयोग गरेको पाइएमा सो को क्षतिपूर्ति ठेक्कालिने व्यक्तिवाट नगरपालिकाले असुलउपर गरी कानुनी कारवाही गरिने छन्।

६. जुन फर्मको लागि बोलपत्र खरिद गरेको हो सोहीफर्मको नाममा बोलपत्रदर्ता गर्नुपर्नेछ। अन्यफर्मको नाममा दर्ता गराइएको बोलपत्रलाई मान्यता दिइने छैन्। साथै हुलाक सेवा, कुरियर आदि सेवावाट पठाइएको बोलपत्र स्वीकार हुने छैन। शिलबन्दी खाममा कुन ठेक्काको लागि बोलपत्र दाखिला गरेको हो सो स्पष्ट रुपले खुलाउनु पर्ने छ। साथै बोलपत्रदाताको नाम, ठेगाना र सम्पर्क नं. स्पष्ट रुपले खामको बाहिर उल्लेख गरेको हुनु पर्ने छ।

७. यस नगरपालिकाको तिर्नुपर्ने बाँकी रकम तथा जिन्सी समानहरु तिर्न बाँकी देखिएमा त्यस्ता फर्म वा व्यक्तिको नामको ठेक्का स्वीकृति हुने छैन

८. पर्न आएको बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस न.पा.लाई सुरक्षित हुनेछ।

९. आफुले कबोल गरेको ठेक्कामा लाग्ने नेपाल सरकारको कर शुल्क बोलपत्र दाता स्यवम् आफै ठेक्कामा थप गरी यस कार्यालयमा बुझाउनु पर्ने छ।

१०. ऐन तथा कानुनले निषेधित गरेको कुनै तरिका अपनाई कुनै कार्य गर्नहुने छैन।

११.आफुले कबोल गरेको अंक/रुपैया एकमुष्ट रकम यस न.पा. को prabhu Bank Godaita शाखा स्थित आन्तरिक राजस्व खाता नं. २६२७०९००८६३००१३८ मा जम्मा गरी सो अर्धकट्टी सक्कलै भौचर यस न.पा. मा लिएर आएमा मात्र सम्झौता गरी चलनपट्टा दिइनेछ। रकम एकमुष्ट बैंक दाखिला गरेमा १० प्रतिशत छुट दिइनेछ।

१२.आफूले कबोल गरेको अंक (रकम) एकमुष्ट जम्मा गर्नुपर्ने हुन्छ।

१३.नेपाल सरकार,प्रदेश सरकार तथा यस न.पा बाट बेला बेलामा दिइने नीति निर्देशन पालना गर्नु सम्बन्धित सबै ठेक्कदारको कर्तव्य हुनेछ।

१४.ठेक्का सम्बन्धी कार्यालय र ठेक्केदार बीच कुनै विवाद उत्पन्न भएमा यस नगरपालिकाको निर्णय अन्तिम हुनेछ।

१५.सूचनामा उल्लेख भएको हकमा यही सूचना बमोजिम र उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन,२०६३ स्थानीय सरकार सन्चालन ऐन, २०७४ तथा गोडैता न.पा बाट स्वीकृत नियमावली वा कार्यविधि वा प्रचलित कानुन बमोजिम हुनेछ।

१६. ठेक्केदारले प्रत्येक ठेक्काको बोलपत्र छुट्टा छुट्टै बोलपत्रखरिद गरी पेश गर्नुपर्नेछ।

१७. बजार ठेक्काको हकमा ठेक्काको कर दस्तुर असुल उपर सम्बन्धित दररेटको लागि कार्यालयमा सम्पर्क गर्नुपर्नेछ।

१८. बोलपत्र दाताले सम्झौता गरी चलन पट्टा लिई सकेपछि मानव सृजित बन्द हड्ताल,चक्काजाम, अन्य कुनै प्राकृतिक वा मानवीय कारणले कुनै क्षति/नोक्सानी हुन गएमा कुनै किसिमको माफी मिन्हा गरिने छैन साथै त्यस बापत कुनै क्षतिपूर्ति यस न.पा.बाट बेहोर्ने छैन।

१९.बोलपत्र स्वकीकृत भई सकेपछि सम्बन्धित ठेक्केदारले बोलपत्र स्वीकृत भएको पत्र प्राप्त गरेको वा घरदैलोमा टासँ भएको मितिले ७(सात) दिन भित्र बोलपत्र दाताले सम्झौता गर्न आउनु पर्नेछ। सम्झौता गर्न न आएमा वा दाखिला गर्नुपर्ने रकम दाखिला नगरेमा धरौटी रकम जफत गरिनेछ।

२०. सबै किसिमको ठेक्कामा हालको कानुनी व्यवस्थमा नेपाल/प्रदेश सरकारबाट अन्य निर्णय भई आएमा सोही बमोजिम हुनेछ।

२१. ठेक्का अवधि समाप्त भएपछि कर क्लियरेन्स गरेको प्रमाण पेश गरेपछि मात्र धरौटी रकम फिर्ता हुनेछ।

२२. ठेक्का सम्बन्धित केहि बुझ्नु परेमा कार्यालय समय भित्र न.पा.को कार्यालयमा सम्पर्क गर्नुपर्ने छ।

**प्रमुख प्रशासकीय अधिकृत**